टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

मिति:२०७८/०९/०९

# शोक वक्तव्य

यस टीकापुर नगरपालिकाका नगर सभा सदस्य एवं वडा नं. ४ का वडा सदस्य बेजुवा थारुको ५१ वर्षको उमेरमा भएको दुःखद निधनले हामीलाई अत्यन्तै मर्माहत र स्तब्ध बनाएको छ । दुःखको यस घडीमा उहाँप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै शोकाकुल परिवारजन प्रति गहिरो समवेदना व्यक्त गर्दछौ ।

वि.सं.२०२७/०१/१९ गते कैलाली जिल्लाको टीकापुर नगरपालिका वडा नं. ४ मा जन्मनु भएका बेजुवा थारु समाजसेवी एवं विकासप्रेमी हुनुका साथै एक ईमान्दार जन प्रतिनिधीका रुपमा रहनु भएको थियो । टीकापुर नगरपालिकाको विकासमा पुऱ्याउनु भएको योगदानको उच्च प्रशंसा गर्दै उहाँलाई टीकापुर नगरपालिकाले सदैव स्मरण गरिरहनेछ ।

शोकको यस दुःखद घडीमा शोकाकुल परिवारजन एवं आफन्तजन सबैलाई ईश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् भन्ने कामना गर्दै मृतक आत्माको चीर शान्तिको कामना गर्दछौ ।

.............................

केशरी बिष्ट रावल
का.वा. नगर प्रमुख
एवम्
टीकापुर नगरपालिका परिवार